# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, माघ २८ गते २०५३ साल (संख्या ४३



## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१, अन्तःशुल्क ऐन, २०१५ को दफा १८ को उपदफा (१) तथा सामयिक कर असुल ऐन, २०१२ को दफा ३ बमोजिम खण्ड ४६ मिति २०५३।३।२६ अतिरिक्ताङ्क १७ (अ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २४ ले दिएको अधिकार प्रयोग गरी मित्र राष्ट्र जनवादी गणतन्त्र चीन सरकारको अनुदान सहयोगमा चितवन जिल्लाको भरतपुरमा निर्माण हुने बी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको भवन निर्माणमा आवश्यक पर्ने नेपालमा नै खरिद हुने विभिन्न निर्माण सामग्रीहरुमा श्री ५ को सरकार तथा चिनियाँ पक्षबीच Minutes of understanding मा सहमति भए बमोजिमको परिमाणमा नबढ्ने गरी परियोजना व्यवस्था समितिले तोकेको परिमाणमा बिक्रीकर, अन्तःशुल्क र सरचार्ज पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले नेपाल गुणस्तर (प्रमाण–चिन्ह) ऐन, २०३७ को दफा १० को उपदफा (१) र दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सूचना प्रकाशन भएको मितिले ३ महिना पछि लागू हुने गरी लिक्विफाइड पेट्रोलियम ग्याँस भरी बिक्री वितरण गर्ने उद्योगहरूले एल. पि. ग्याँस सिलिण्डरको सम्बन्धमा नेपाल गुणस्तर परिषद्ले निर्धारण गरेको नेगुण ३७६– २०५३ बमोजिमको गुणस्तर अनिवार्य रूपमा अपनाउनु पर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले नेपाल गुणस्तर (प्रमाण– चिन्ह) ऐन, २०३७ को दफा १० को उपदफा (१) र दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आजकै मितिदेखि लागू हुने गरी नेपाल अधिराज्यभरी उत्पादन गरिने र आयात गरिने खनिजयुक्त पानीको सम्बन्धमा नेपाल गुणस्तर परिषद्ले निर्धारण गरेको नेगुण १७३–२०४५ खनिजयुक्त पानी MINERAL WATER प्रथम पुनरीक्षण २०५० अनुसारको गुणस्तर अनिवार्य रूपमा अपनाउनु पर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
डा. भोलानाथ चालिसे
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम १० ले दिएको अधिकार प्रयोग गरी राजपत्रांकित प्रथम श्रेणीमा रहने पदमा प्रमुख कम्प्यूटर विशेषज्ञलाई तोकेको छ ।

आज्ञाले,
केशवराज राजभण्डारी
श्री ५ को सरकारको का. मु. विशेष सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।